स्थानीय सरकार

कोन्ज्योसोम गाउँपालिका

Konjyosom Rural Municipality

༄༅།། ཀོནཛྫོ་སོམ་གཱུའུནྤཱ་ལི་ཀཱ

# गाउँ कार्यपालिकाको कार्यालय

## Office of Rural Municipal Executive

चौघरे, ललितपुर

Chaughare, Lalitpur

बागमती प्रदेश, नेपाल।

Bagamati Province,Nepal.

पत्र संख्या /Ref.No: २०८२/०८३

चलानी नं./Dispatch No:

**सवारी साधन भाडामा लिने सम्बन्धी सूचना !**

**(दोस्रो पटक प्रकाशित मितिः २०८२/०४/११ गते)**

प्रस्तुत विषयमा यस कोन्ज्योसोम गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, चौघरे, ललितपुरलाई कार्यालय प्रयोजनार्थ आ.व. २०८२/०८३ को लागि गाउँपालिकाको कार्यालयले खटाएको स्थानमा जुनसुकै समयमा संचालन हुन सक्ने चारपांग्रे सवारी साधन न्युनतम १४ (चौध) सिट क्षमता भएको सवारी साधन (सवारी साधन) थान-१ (एक) कार्यालय प्रयोजनको लागि भाडामा लिनुपर्ने भएकाले यो सूचना प्रकाशित भएको मितिले ७ दिन कार्यालय समय भित्रमा यस कार्यालयको राजश्व शाखा वा सानिमा बैंकमा रहेको कार्यालयको खाता नं.०६६०१००४००००१३(कोन्ज्योसोम गा.पा.ग-१.१ आन्तरिक राजश्व खाता) मा दस्तुर रु. १,०००।- तिरेको रसिद सहित तपसिल बमोजिमको शर्त र अधिनमा रही गोप्य सिलबन्दी प्रस्ताव खरिद गरी बुझाउन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

**कार्यालय प्रयोजनको लागि प्रयोग गरिने सवारी साधन संख्याः एक (१)**

क) सवारी साधनको ब्लुबुक चालु आ.व.को नवीकरण सहितको प्रतिलिपी ।

ख) सवारी साधन धनीको नागरिकताको प्रतिलिपी ।

ग) सवारी वीमा सम्बन्धी कागजातको प्रतिलिपी ।

घ) सवारी धनीले चालक, मर्मत, ईन्धन सहित सवारी साधन उपलब्ध गराउनु पर्नेछ ।

ङ) सवारी साधन भाड़ा अवधिभर चालकको तलब भत्ताका साथै सवारी चालकको खाना र बासको व्यवस्था सवारीधनीले आफै गर्नुपर्नेछ।

च) सवारी साधन भाडा, इन्धन, सवारी चालक, मर्मत समेत प्रति महिना के कतिमा दिन चाहेको हो सो कुरा स्पष्ट रुपमा अक्षर र अंकमा भ्याट सहित वा भ्याट बाहेक के हो ? खुलाउनु पर्नेछ ।

छ) प्रति लिटर सवारी साधन कति कि.मि. गुड्ने हो सो समेत स्पष्ट खुलाउनु पर्नेछ ।

ज) सवारी साधनको मर्मत सम्भार र सर्भिसिङ्ग सवारी धनी आफैले गर्नुपर्नेछ ।

झ) सवारी साधन बिग्रेको खण्डमा वैकल्पिक सवारी साधनको व्यवस्था सवारी धनी आफैले गर्नुपर्नेछ ।

ञ) सवारी साधन मोडल नं. २०२२ भन्दापछिको हुनुपर्नेछ ।

ट) मासिक रु. १,५०,०००/- (एक लाख पचास हजार मु.अ.कर सहित) भन्दा बढी नहुने गरी घटाघटमा बोल कबुल गरेको अंक र अक्षरमा दररेट पेश गर्नुपर्नेछ ।

ठ) दरखास्त बुझाउने अन्तिम मिति २०८२/०४/१८ गते कार्यालय समय भित्र दरखास्त खरिद गरी बुझाई सक्नुपर्नेछ । (दरभाउ-पत्र यसै सूचना साथ संलग्न गरिएको छ, उक्त दरभाउ-पत्र, बैंक भौचर लगायत आवश्यक कागजात संलग्न गरी गोप्य सिलबन्दी दरभाउ पेश गर्नुपर्ने छ)

ड) गोप्य सिलवन्दी दरभाउ-पत्र २०८२/०४/१९ गते दिनको ठीक ११:०० बजे गाउँ कार्यपालिकाको कार्यालयमा कर्मचारी र प्रतिनिधीको रोहबरमा खोलिनेछ ।

ड) अन्य कुराको हकमा, गाउँ कार्यपालिकाको कार्यालयले निर्णय गरे बमोजिम हुनेछ ।

२०८२/४/१

गोपाल प्रसाद दुलाल

प्रमुख प्रशासकीय अधिकृत

गोपाल प्रसाद दुलाल
प्रमुख प्रशासकीय अधिकृत

# सिलबन्दी दरभाउ-पत्र

मिति २०८२/०४/११ गते प्रकाशित गाडी भाडामा लिने सूचना बमोजिम कार्यालय प्रयोजनको लागि चालु आ.व. २०८२/०८३ असार मसान्तसम्मको गाउँपालिकाको कार्यालयले खटाएको स्थानमा जुनसुकै समयमा प्रयोग हुन सक्ने चार पांग्रे सवारी साधन न्युनतम चालक सहित १४ सिट क्षमता भएको सवारी साधनको धनीले यस कार्यालयको राजश्व शाखा वा सानीमा बैंकमा रहेको कोन्ज्योसोम गा.पा. ग.१-१ आन्तरिक राजश्व खाता नं. ०६६०१००४००००१३ मा दस्तुर रु. १,०००।- तिरेको रसिद महित तपसिल बमोजिमको शर्त र अधिनमा रही गोप्य सिलबन्दी प्रस्ताव खरिद गरी बुझाउन हुन यो सिलवन्दी दरभाउ-पत्र जारी गरिएको छ ।

## तपशिल

| क्र.सं. | बिवरण | एकाई | दरभाउ | | कै. |
|---|---|---|---|---|---|
| | | | अंकमा | अक्षरमा | |
| १ | सवारी साधन नम्बर........................<br>मोडल नं.....................................<br>माइलेज..............................कि.मि. | प्रति महिना | | | |
| मु.अ.कर बाहेक | | | | | |
| मु.अ.कर रकम | | | | | |
| जम्मा रकम मु.अ.कर सहित | | | | | |
| जम्मा रकम मु.अ.कर सहित अक्षरमा | | | | | |

सवारी धनीको नाम.......................................................................................

सवारी साधन नवीकरण भएको मिति..........................................................

निवदेक
नामथर:-
सम्पर्क नम्बर:-
दस्तखत:-